# धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल मंसिर महिना १८ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय धादिङवेसीहरुबाट तपशिलमा उल्लेखित ऋणीले फोर्स लोन कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **एम.डि. कन्सट्रक्सन** प्रोप्राइटर : मदन बहादुर तामाङ दर्ता नं. : ५६५३/०७४/०७५
दर्ता गने कर्यालय : घरेलु तथा साना उद्योग विकास कार्यालय, बाग्मती प्रदेश दर्ता मिति : २०७४/१२/१८
रजिष्टर्ड ठेगाना : धादिङ्ग जिल्ला खनियाँबास गा.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६०९११९६३५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बिरग तामाङको नाति सन्त बहादुर तामाङको छोरा धादिङ्ग जिल्ला नेत्रावती डबजोङ गा.पा. वडा नं. १ बस्ने **मदनबहादुर तामाङ** (ना.प्र.नं. : २६१/२९२४८ जारी मिति र जिल्ला : २०६६/०५/३१, धादिङ्ग)

२) धर्म बहादुर तामाङको नाति बिरग तामाङको छोरा धादिङ्ग जिल्ला मार्पाक वडा नं. ८ हाल, नेत्रावती डबजोङ गा.पा. वडा नं. १ बस्ने **सन्त बहादुर तामाङ** (ना.प्र.नं. : ७/७३९ जारी मिति र जिल्ला : २०४५/०२/१९, धादिङ्ग)

३) पञ्च सिंह तामाङको छोरी बिरग तामाङको बुहारी सन्त बहादुर तामाङको पत्नी धादिङ्ग जिल्ला मार्पाक वडा नं. ८ हाल, नेत्रावती डबजोङ गा.पा. वडा नं. १ बस्ने **जाल माया तामाङ** (ना.प्र.नं. : २६३००८/२९६ जारी मिति र जिल्ला : २०६३/१०/११, धादिङ्ग)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८०/०४/१४ को नागरिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| सन्त बहादुर तामाङ | धादिङ्ग जिल्ला दार्खा वडा नं. १ | १ख | १०० | १-३-३-० |
| | | | २२१ | १-४-०-० |
| | | | २३० | १-०-०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०९/०८ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय धादिङवेसी आईपुग्ने गरि पेश गर्नुपर्ने छ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।

४) प्राप्त बोलपत्रहरु मिति २०८१/०९/०९ गते मंगलबार अर्थात २२ औ दिन दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय धादिङवेसीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ